# फिदिम नगरपालिका

## "फिदिम बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्वन्धि निर्देशिका २०७५"

प्रस्तावना :- "फिदिम बसपार्क" तथा फिदिम बजार क्षेत्रलाई व्यवस्थित रुपमा संचालन गर्नका लागी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम यो निर्देशिका बनाई लागु गरिएको छ ।

१. संक्षिप्त नाम र परिचय :

क) यस निर्देशिकाको नाम "फिदिम बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धि निर्देशिका २०७५" रहेको छ ।

ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :-

क) "नगरपालिका" भन्नाले फिदिम नगरपालिका भन्ने सम्झनु पर्छ ।

ख) "बसपार्क" भन्नाले फिदिम नगरपालिका वडा नं. २ मा अवस्थित फिदिम बसपार्क सम्झनु पर्छ ।

ग) "पदाधिकारी" भन्नाले फिदिम नगरपालिकाका प्रमुख, उपप्रमुख र वडाध्यक्ष सम्झनु पर्छ ।

घ) "नगर प्रहरी" भन्नाले स्थानीय कानुन बमोजिम गठित फिदिम नगरपालिकाको नगर प्रहरी सम्झनु पर्छ ।

ङ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।

च) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनुपर्छ ।

छ) "वडा समिति" भन्नाले फिदिम नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

ज) "सवारी साधन" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका ट्रक, बस, मिनिबस, ट्याक्सी, जीप अन्य सार्वजनिक सवारी साधन लगायत समेतलाई सम्झनुपर्छ ।

झ) "व्यवसायी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका यातायात व्यवसायीहरुलाई सम्झनुपर्छ ।

ञ) "सदस्य" भन्नाले फिदिम बसपार्क व्यवस्थापन तथा सञ्चालन सम्बन्धि निर्देशिका बमोजिम नियुक्त पदाधिकारी सम्झनुपर्छ ।

३. नगर प्रहरीको काम कर्तव्य र अधिकार :-

क) दफा ४ बमोजिमको कार्वाही गर्ने, नियमन गर्ने, कार्यान्वयन गर्ने ।

ख) सञ्चालक समितिले निर्देशन दिए बमोजिमका कार्यहरु गर्ने ।

ग) अन्य तोकिएको कार्य गर्ने ।

४. जरिवाना सम्बन्धि व्यवस्था :- यस फिदिम नगरपालिकाबाट सञ्चालनमा आएको फिदिम बसपार्कमा यात्रुवाहक सवारी साधनहरुको एकद्धार रुपमा अनिवार्य पार्किङ, यात्रु चढाउने तथा ओराल्ने व्यवस्थाको लागि निम्न बमोजिमको कार्य गर्न पाईने छैन ।

**<u>निम्न :</u>**

क) फिदिम बजार भित्र अबैध बस, ट्याक्सी तथा जीप काउण्टरहरु सञ्चालन भएमा देहाय बमोजिम कारवाही/जरिवाना गरिनेछ ।

अ) प्रथम पटक रु.५००।-

आ) दोस्रो पटक रु.१०००।-

इ) तेस्रो पटक रु.५०००।-

ई) तेस्रो पटक पछि पटर्क पिच्छे रु.५०००।-

ख) फिदिम नगरपालिकाबाट निर्धारित यात्रुवाहक सवार साधन बजार भित्र रहन पाउने समय ३० (तीस) मिनेट मात्र रहन पाउने र उक्त समय उल्लंघन गर्नेलाई देहाय बमोजिम कारवाही गरिनेछ ।

अ) प्रथम पटक रु.५००।-

आ) दोस्रो पटक रु.१०००।-

इ) तेस्रो पटक रु.५०००।-

ई) तेस्रो पटक पछि पटकै पिच्छे रु.५०००।-

ग) फिदिम बजार भित्र यात्रु ओराल्ने तथा चढाउने प्रयोजनको लागि देहाय बमोजिमका क्षेत्र तोकिएको छ ।

अ) आहाल गैरी,

आ) लक्ष्मी बैंक अगाडि (मेन रोड)

इ) शनिबारे चोक

ई) बरडाँडा (जिल्ला अदालत छेऊ)

घ) Entry Pass सम्बन्धि व्यवस्था लागू गर्न सक्नेछ ।

ङ) अन्तिम पटकलाई २०७५ साल फागुन ३० गते सम्म समय निर्धारण गरिएको छ । उक्त मिति पछि जथाभावी पार्किङ, समय उल्लंघन, यात्रु ओराल्ने र चढाउने कार्य गरेको पाईएमा कानुन बमोजिम कारवाही गर्ने ।

५. प्रोत्साहन वापत रकम उपलब्ध गर्ने : नगर प्रहरीबाट जरिवाना गरि संकलन भएको कुल रकमबाट नगर कार्यपालिकाबाट निर्णय गरि २५ (पच्चिस) प्रतिशत रकम तत्कालीन कार्यरत सम्पूर्ण नगर प्रहरीहरुलाई दामासाहीमा उपलब्ध गरिनेछ ।

६. अनुमति नलिई काउन्टर सञ्चालन गर्न नहुने :

क) कसैले पनि यस निर्देशिका बमोजिम अनुमति नलिई यस नगरपालिका क्षेत्रभित्र काउन्टर सञ्चालन गर्न पाउने छैन ।

ख) फिदिम बसपार्क क्षेत्रभित्र नगरपालिकाले तोके बमोजिम भाडामा लिई काउन्टर सञ्चालन गर्न सकिनेछ ।

७. समिति गठन गर्न सक्ने :

क) नगरपालिकाले सम्बन्धित वडा समिति तथा छिमेकी वडाका पदाधिकारीहरु समेत संलग्न हुने गरि एक बसपार्क व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

ख) उपदफा (क) बमोजिम गठित समितिले स्थानीय व्यक्तिहरुको समेत प्रतिनिधित्व हुने गरि एक बसपार्क व्यवस्थापन समन्वय उप-समिति गठन गर्न सक्नेछ ।

८. सहयोग माग गर्न सक्ने :- बसपार्क व्यवस्थापन समितिले संघीय तथा प्रादेशिक प्रशासनिक निकाय र प्रहरीको समेत आवश्यक सहयोग लिन सक्नेछ ।

९. अनुगमन/मुल्याङ्कन :-

क) यस निर्देशिका बमोजिम काम कार्वाहीको अनुगमन /मुल्याङकन पदाधिकारी, सम्बन्धित अधिकारी र अनुगमन गर्ने निकायले गर्नेछ ।

१०. यसै बमोजिम हुने :- यो निर्देशिका लागु हुनुभन्दा अघि नगरपालिकाबाट भए गरेका सम्पुर्ण काम कार्वाही यसै बमोजिम भए गरेको मानिनेछ ।

११. संशोधन :- नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।